समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०३/१० बैठक संख्या: ४७

बैठक प्रारम्भ समय: विहानको १०:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको सोह्रौ नगरसभाको २०८१ असार १० गतेको बैठकको कार्यसूची पेश भएबमोजिम स्वीकृत गर्ने साथै सोह्रौ नगरसभाको बैठकमा नगरप्रमुखज्यूबाट प्रस्तुत हुने आगामी आ. व. २०८१/८२ को खाँदबारी नगरपालिकाको नीति तथा कार्यक्रम आवश्यक सुझावसहित स्वीकृत गर्ने ।

२. खाँदबारी नगरपालिकाको सोह्रौ नगरसभाको २०८१ असार १० गतेको बैठकमा नगरउपप्रमुखज्यूबाट प्रस्तुत हुने आगामी आ. व. २०८१/८२ को आय व्यय विवरण आवश्यक सुझावसहित स्वीकृत गर्ने ।

३. खाँदबारी नगरपालिकाको सोह्रौ नगरसभाको २०८१ असार १० गतेको बैठकमा पेश हुने आर्थिक विधेयक, २०८१ आवश्यक सुझावसहित स्वीकृत गर्ने ।

४. विगत आर्थिक बर्षदेखि नै यस नगरपालिकाले ठेक्का मार्फत उठाउँदै आएको राजस्व संकलन सम्बन्धमा आगामी आ. व. मा देहाय अनुसार राजस्व संकलन गर्ने ।

क. खाँदबारी नगरपालिका वडा नं. १ टुँडिखेलको मासु व्यवसाय गर्नेस्थल- साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

ख. नगर क्षेत्रभित्र भित्रिने सवारीसाधनहरुबाट सरसफाई शुल्क उठाउने कार्य - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

ग. खाँदबारी नगरपालिका वडा नं. १ टुँडिखेलको आयमूलक भवन - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

घ. खाँदबारी नगरपालिका वडा नं. १ पोखरी बजारमा रहेको आयमूलक भवन - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

ङ. नगरकार्यपालिकाको कार्यालयमा रहेको चमेना गृह - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

च. खाँदबारी वडा नं. १ टुँडिखेलको हाट लाग्नेस्थलमा उठाउने बहाल बिटौरी कर (स्थानीय कृषि उत्पादन बाहेक) - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०३/१० बैठक संख्याः ४७

बैठक प्रारम्भ समयः विहानको १०:०० बजे बैठक समापन समयः बजे

छ. खाँदबारी वडा नं. ९ तुम्लिङटारको शुक्रबारे हाट लाग्ने स्थानमा उठाउने बहाल बिटौरी कर (स्थानीय कृषि उत्पादन बाहेक) - साविकको सम्झौता रकममा १० प्रतिशत थप गरी सोही ठेक्कालाई निरन्तरता दिने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

ज. पार्किङ शुल्क (बसपार्क लगायतका क्षेत्रमा) -

झ. बिज्ञापन शुल्क -

बक्यौता रकम यही असार मसान्तसम्म उठाउनको लागि सम्बन्धित व्यक्ति वा ठेकेदारलाई बक्यौता रकम भुक्तानी गर्न ७ (सात) दिनको म्याद राखी पत्राचार गर्ने र असार मसान्तसम्म भुक्तानी नगरेमा ठेक्का भंग गरी नयाँ ठेक्का बन्दोबस्त गर्ने ।

५. खाँदबारी नगरक्षेत्रभित्र शववाहन सञ्चालन सम्बन्धमा नगरपालिकामा रहेको को १ झ ४८९ नं. को TATA TELCOLINE सवारी साधनलाई शववाहनको स्वरुपमा मर्मतसम्भार गरी सञ्चालन गर्ने ।

६. खाँदबारी नगरपालिकाको आ. व. २०८१/८२ को नीति तथा कार्यक्रममा समावेश भएको देहायबमोजिम आयोजनाहरुलाई नगरगौरवका आयोजनाको रुपमा स्वीकृत गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा आवश्यक बजेट माग गर्ने ।

**देहाय :**

क. खाँदबारी नगरक्षेत्रमा सुख्खा बन्दरगाह निर्माण

ख. खाँदबारी नगरक्षेत्रमा स्वीमिङ पुल निर्माण

ग. खाँदबारी नगरक्षेत्रमा सभागृह निर्माण

७. खाँदबारी नगरपालिकाको विनियोजन ऐन, २०८० मा व्यवस्था भएको खर्च शीर्षक संशोधन सम्बन्धमा आर्थिक प्रशासन शाखाबाट पेश भएबमोजिम देहाय अनुसार संशोधन स्वीकृत गरी आगामी नगरसभाको बैठक समक्ष अनुमोदनको लागि पेश गर्ने ।

**देहाय :**

**नगरकार्यपालिकाको वैठकबाट संशोधित गर्नुपर्ने:**

| संशोधन गरिने खर्च शीर्षक | | | | संशोधन पश्चात् कायम हुने खर्च शीर्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न | कार्यक्रमको नाम | श्रोत/ शिर्षक नम्बर | बजेट रकम रु. | सि.न | कार्यक्रमको नाम | श्रोत/ शिर्षक नम्बर | बजेट रकम रु. |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०३/१० बैठक संख्या: ४७

बैठक प्रारम्भ समय: विहानको १०:०० बजे बैठक समापन समय: बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना | 22522 समानीकरण अनुदान संघ | ५०००० | १ | किरात राई यायोक्खा संखुवासभा उधौली उभौली कार्यक्रम | 22522 | ३०००० |
| २ | सार्बजनिक सुनुवाई | 22522 समानीकरण अनुदान संघ | ७५००० | २ | नेपाल कुमाल समाज सुधार कार्यक्रम कार्यक्रम | 22522 | ५०००० |
| ३ | गत बर्ष विष्णेधारा चापाबोटे विजुली विस्तार | 22522 समानीकरण अनुदान संघ | ५०००० | ३ | वरुण बहुमुखी क्याम्पस हस्तकला प्रदशनी | 22522 | २५००० |
| ४ | गत बर्ष दायित्व कर्मचारी मिलन केन्द्र अतिरिक्त कार्यक्रम संचालन | 22522 समानीकरण अनुदान संघ | २५०००० | ४ | सित्तलपाटी स्वास्थ्य शिवीर संचालन | 22522 | ७५००० |
| ५ | बालविकास शिक्षक तथा कर्मचारीहरुको पारीश्रमीक दायित्व | 21111 समानीकरण अनुदान संघ | ११११११७ | ५ | टी टि वोर्ड खरीद खानपा १ | 22522 | २००००० |
| ६ | सरसफाई शुल्क | आन्तरीक | २००००० | ६ | ढाका सिलाई वुनाई तालिम खानपा ७ | 22522 | ५०००० |
| ७ | कर्मचारी तालिम | आन्तरीक | २००००० | ७ | जिल्ला फुटबल संघ एन्फा लिग कार्यक्रम | 22522 | २५०००० |
| ८ | गत वर्ष कृषि सडकको मर्मतको लागि इन्धन खरीद | 22314 समानीकरण संघ | ५०००० | ८ | मनकामना दर्पण/जनरल प्रकाशन | 22522 | ३००००० |
| ९ | गत वर्ष स्थायी करार कर्मचारीको पारिश्रमीक | 21111 समानीकरण अनुदान संघ | १९४००० | ९ | सभा संचालन खर्च | 22522 | १५०००० |
| | | | | १० | राष्टपति रनिङ्ग शिल्ड सहभागीता खर्च | 22522 | ३३०००० |
| | | | | ११ | विविध खर्च | 22522 | २४१११७ |
| | | | | १२ | पोखरी पार्क नपुग रकम | 22522 | १५५००० |
| | | | | १३ | अन्तरपुस्ता महिला मंच | 22522 | ३०००० |
| | | | | १४ | आदर्श विद्या मन्दिर पाठकगाँउ स्काउट | 22522 | २५००० |
| | | | | १५ | नेपाल हृदयरोग प्रतिष्ठान सहयोग | 22522 | १६००० |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०३/१० बैठक संख्याः ४७

बैठक प्रारम्भ समयः बिहानको १०:०० बजे बैठक समापन समयः बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | १६ | सितेरियो कराते संघ खेलकुद सहभागीता | 22522 | ३०००० |
| | | | | १७ | जालपा माध्यमिक विधालय शैक्षिक भ्रमण | 22522 | २५००० |
| | | | | १८ | अनुगमन खर्च | 22611 | २००००० |
| | | जम्मा रु. | २१८२११७ | | | जम्मा रु. | २१८२११७ |

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत